# २०२१ मा न्यू योर्क सिटीको मतदाताहरुको सशक्तिकरण

जति धेरै विकल्प, त्यति धैरै आवाज

## अब न्यू योर्कमा पनि “र्यान्क चोईस भोटिङ” (श्रेणी बद्ध गरेर सबैलाई भोट गर्ने)

यो वर्ष देखि न्यू योर्कवासीहरुले मेयर, कम्पट्रोलर, पब्लिक एड्भोकेट, बोरो प्रेसिडेन्ट, र सिटी काउनसिलको लागि प्रारम्भिक र विशेष निर्वाचनमा हाम्रो जन प्रतिनिधिहरुको लागि नयाँ र सजिलो तरिकाले भोट दिन पाउनेछन्।


## तपाईंको नयाँ मतपत्र कसरी भर्ने?

| Council Member<br>Rank up to 5 choices<br>Mark no more than 1 oval in each column<br>Miembro del Consejo<br>Clasifique hasta 5 opciones<br>Marque no más que 1 óvalo en cada columna<br>市議員<br>等級由5個選擇決定<br>標記沒有比1長圓形在每個專欄 | Choice 選擇 Opción 1st | Choice 選擇 Opción 2nd | Choice 選擇 Opción 3rd | Choice 選擇 Opción 4th | Choice 選擇 Opción 5th |
|---|---|---|---|---|---|
| Zion King<br>錫安 金 | ○ | ○ | ● | ○ | ○ |
| Flynn Anderson<br>弗林 安德森 | ○ | ○ | ○ | ● | ○ |
| Reese Clark<br>瑞絲 克拉克 | ● | ○ | ○ | ○ | ○ |
| Farah Bailey<br>法拉 貝利 | ○ | ○ | ○ | ○ | ● |
| Write-in<br>candidato por escrito<br>寫入未列名候選人 | ○ | ● | ○ | ○ | ○ |

- सदा झैं, तपाईंले श्रेणी बद्ध गर्ने भए पनि या एकजनालाई मात्र भोट गर्ने भए पनि, तपाईंको पहिलो विकल्पको दायाँ पट्टी रहेको पहिलो गोलो आकारमा चिन्ह लगाउनुहोस्।
- तपाईंको भोटलाई अझ सार्थक बनाउन, तपाईंको दोश्रो विकल्प पनि रोज्नुहोस्, र दोश्रो विकल्पको दायाँ पट्टी रहेको गोलो आकारमा चिन्ह लगाउनुहोस्।
- यसैगरि अधिकमा ५ वटा सम्म विकल्पहरुलाई श्रेणी बद्ध गरेर भोट गर्नुहोस्।


### याद राख्नुहोला

हरेक कोलममा एउटा मात्र गोलो आकारमा चिन्ह लगाउनुहोस्



हरेक पंक्तिमा एउटा मात्र गोलो आकारमा चिन्ह लगाउनु भयो भने तपाईंको भोटले अझ धेरै माने राख्छ। भन्नुको मतलब, एउटा उम्मेद्वारलाई एक श्रेणी मात्र दिनुहोस्

तपाईंको चाहना अनुसार, हातले लिखित उम्मेद्वारको नाम सहित, अधिकमा पाँच (५) जना उम्मेद्वारहरु सम्मलाई श्रेणी बद्ध गराएर भोट दिन सक्नु हुन्छ।



## “र्यान्क चोईस भोटिङ” (Rank Choice Voting – RCV) किन त?

RCV ले तपाईंलाई उम्मेद्वारहरुलाई आफ्नो चाहना अनुसार श्रेणी बद्ध गर्ने मौका दिन्छ। तपाईंको पहिलो चाहनाको साथै, दोश्रो, तेश्रो, चौथो, अनि पाचौलाई विकल्पमा राखेर रोज्न सक्नुहुन्छ। RCV ले मतदाताहरुलाई अझ बृहत विकल्प दिएर उनीहरुलाई झनै ठुलो आवाज दिन्छ।

- तपाईंले सदा झैं आफ्नो मन परेकोलाई पहिलो भोट दिन सक्नुहुन्छ
  - तपाईंको आशा र मान्यताहरुको आधारमा तपाईंको सच्चा चाहनाको लागि भोट दिनुहोस्।
  - यसो हुँदा भोटहरु बाँडिएर तपाईंलाई पटक्कै मन नपर्ने उम्मेद्वार चुनिने पिर हुँदैन।
- यसले गर्दा उम्मेद्वारहरुले आफूले राम्ररी चिनेका मतदाताहरुलाई मात्र नभएर, सबैसंग पहुँच बढाउनु पर्ने हुन्छ।

RANK THE VOTE NYC

थप जानकारी र पूर्ण विवरणको भिडियो हेर्न हाम्रो वेबसाईटमा जानुहोला: **RankTheVoteNYC.org**

“र्यान्क चोईस भोटिङ” (**Rank Choice Voting – RCV**) को माने...

विशेष स्वार्थ भएका समुहहरु नभएर सर्वसाधरण न्यू योर्क वासीको सशक्तिकरण

उम्मेद्वारहरुलाई श्रेणी बद्ध गरेर सबैलाई भोट दिंदा अझ प्रभावकारी हुने हुँदा तपाईंको लागि धैरै आवाज

चाहेमा एक जनालाई मात्र, अथवा स्थानिय अफिसको लागि अधिकमा पाँच जना सम्मलाई श्रेणी बद्ध गरेर भोट दिन पाउँदा थुप्रै विकल्पहरु

# जुन महिनामा हुने प्राईमरी चुनावको महत्वपूर्ण मितिहरु

तपाईंको “एबसेन्टी ब्यालट” (अनुपस्थित मतपत्र) आजै मगाउनुहोस्

अग्रिम भोटिङ (अग्रिम मतदान) शनिबार, जुन १२ देखि आईतबार, जुन २० सम्म चालु रहन्छ

तपाईंको तोकिएको मतदान केन्द्रमा हर्नु होला

निर्वाचनको दिन मंगलबार, जुन २२ मा हो। मतदान केन्द्रहरु बिहानको ६ बजे देखि रातीको ९ बजे सम्म खुला रहने छन्

तपाईंको मतदान केन्द्रमा हेर्नुहोला

## अकसर सोधिने प्रश्नहरु

“र्यान्क चोईस भोटिङ” (**Ranked Choice Voting – RCV**) मार्फत कुन कुन पदहरुको लागि निर्वाचन हुन्छ?
०२१ मा शुरु हुने गरि न्यू योर्क शहरका मतदाताहरुले निम्न पदहरुको लागि प्राईमरी र विशेष चुनावमा “र्यान्क चोईस भोटिङ” (Rank choice voting – RCV) प्रयोग गर्न पाउनेछन्:

- मेयर
- कम्पट्रोलर
- पब्लिक एड्भोकेट
- बोरो प्रेसिडेन्ट
- सिटी काउन्सिल सदस्य

श्रेणी बद्ध गरेर अरुलाई पनि भोट दिंदा के मेरो पहिलो विकल्पलाई घाटा हुन्छ?
हुँदैन। अरु उम्मेद्वारहरु श्रेणी बद्ध गर्दा तपाईंको पहिलो विकल्पलाई केहि फरक पर्दैन।

के मैले एउटै उम्मेद्वारलाई एक पटक भन्दा बढी भोट दिन सक्छु?
सक्नुहुन्छ, तर यदि तपाईंले श्रेणी बद्ध गरेर अरुलाई पनि भोट दिनु भयो भने तपाईंको भोट थप शक्तिशाली हुन्छ। एउटै उम्मेद्वारलाई पहिलो, दोश्रो, र तेश्रो श्रेणीमा राख्नु भनेको दोश्रो, तेश्रो र अन्य स्थानलाई खाली छोडे बराबर हो। एउटै उम्मेद्वारलाई धैरै चोटी भोट दिंदैमा उसको चुनिने मौका थपिने भने हुँदैन।

विजेता कसरी चुनिन्छ?
शुरुमा सबैको पहिलो विकल्पहरुलाई गनिन्छ। कुनै एक उम्मेद्वारले पहिलो विकल्पमा नै ५०% + १ भोट पाए भने उनी नै विजेता हुनेछन्। नत्र भने मतपत्रहरु राउन्डको आधारमा पुन: गनिने छन्। हरेक राउन्डमा सबभन्दा कम भोट ल्याउने उम्मेद्वारलाई हटाईनेछ। सो उम्मेद्वारको नाममा परेको मतपत्रहरु मतदाताको पछिल्लो विकल्पको लागि गनिने छन्। अन्तिम दुई उम्मेद्वारहरु बाँकी नहुन्जेल सम्म राउन्डहरु घुमि रहन्छन्। थप जानकारीको लागि:

## श्रोतहरु

तपाईंको भोटर रजिस्ट्रेशनको स्टेटस हेर्नुहोस्। “एब्सेन्टी ब्यालट” (अनुपस्थित मतपत्र) मगाउनुहोस्, अनि तपाईंको अग्रिम भोटिङ र चुनावको दिनको मत केन्द्रहरु पत्ता लगाउनुहोस्: **vote.nyc**

**RANK THE VOTE NYC**

थप जानकारी र पूर्ण विवरणको भिडियो हेर्न हाम्रो वेबसाईटमा जानुहोला: **RankTheVoteNYC.org**